**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २६ मार्च २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. उपराष्ट्रपति जगदीप धनखड़ले देशका सबै संस्थाहरुले मिलेर काम गर्नुपर्ने र सन्तुलन कायम गर्नुपर्ने बताउनु भएको छ ।

२. राज्यका पीडब्ल्युडी तथा पीएचई मन्त्री पुलोक रोयले दार्जीलिङ पहाडको मानिसहरूको पिउने पानीको समस्या शीघ्र समाधान गर्न आफुहरूले प्रयत्न गरिरहेको बताउनु भएको छ।

३. सिक्किमका मुख्यमन्त्री प्रेमसिह तामाङको सक्रियता तथा सहयोगमा अश्विन लिम्बुको मिर्गौला प्रत्यारोपण दिल्लीको एक निजी अस्पतालमा सफलतापुर्वक सप्पन्न भएको छ।

४. जीटीएका प्रमुख कार्यपाल अनित थापाले खरसाङ नगरपालिकाको वार्ड नम्बर 19 मा नवनिर्मित सार्वजनिक भवनको उद्घाटन गर्नुभयो।

५. पश्चिम बङ्गालमा स्कूल भर्ती घोटालाको अनुसन्धान गरिरहेको सीबीआईले अभियुक्तहरूको हस्तलिपिको नमूना सङ्कलन गरेको छ।

**राज्यसभा सभापति जज मामला**

राज्यसभाका सभापति तथा उपराष्ट्रपति जगदीप धनखड़ले देशका सबै संस्थाहरुले मिलेर काम गर्नुपर्ने र सन्तुलन कायम गर्नुपर्ने बताउनु भएको छ । सदनको शून्यकालको समय सभापतिले यस्तो टिप्पणी गर्नुभएको हो । यसका साथै उहाँले दिल्ली उच्च न्यायालयका न्यायाधीश यशवन्त वर्माको निवासबाट नगद बरामद गर्ने विषयमा सदनका नेताहरुसँगको बैठकको बारेमा उल्लेख गर्नुभयो भने बैठकफलदायी भएको बताउँनु भयो ।

****** ० ******

**त्रिपक्षीय वार्ता**

गोर्खाहरुको समस्या समाधान हेतु गृह मन्त्रालयले आगामी २ अप्रिल २०२५ मा त्रिपक्षीय वार्ता गर्ने भएको छ। वार्ता नयाँ दिल्लीको नर्थ ब्लकमा बिहान ११ बजे हुनेछ र यसको अध्यक्षता भारत सरकारका गृह राज्यमन्त्रीले गर्नुहुने दार्जिलिङका सासद राजु बिस्टले एक प्रेस विज्ञप्ति जारी गर्नुहुदै बताउनुभयो। यसैबीच दोस्रो चरणको त्रिपक्षीय वार्ता बोलाएकोमा दार्जिलिङका विधायक निरज जिम्बाले केन्द्र सरकारप्रति आभार प्रकट गर्नुभयो।

****** ० ******

**पुलोक रोय**

पहाड भ्रमणमा रहेका राज्यका पीडब्ल्युडी तथा पीएचई विभाग मन्त्री पुलोक रोयले दार्जीलिङ पहाडको मानिसहरूको पिउने पानीको समस्या शीघ्र समाधान गर्न आफुहरूले प्रयत्न गरिरहेको बताउनु भएको छ। उहाँले पहाडमा पानीको मुहानको समस्या रहेको बताउनु हुँदै जल जीवन मिसन परियोजना अन्तर्गत केन्द्रले दिनु पर्ने रकम गत 13 अगस्त 2024 देखि दिएको राज्य सरकारलाई नदिएको बताउनु भयो। तथापि मुख्यमन्त्री ममता ब्यानर्जीले राज्यको तर्फबाट मानिसहरूले घर घरमा शुद्ध पानीको सुविधा प्राप्त गरून् भन्ने उद्धेश्यले दुई हजार करोड रूपियाँ आवन्टन गरेको श्री रोयले बताउनु भएको छ। यसका साथै उहाँले जीटीएका मुख्य कार्यपाल अनित थापाले सडक निर्माणको योजनाहरू बारे आफुलाई जानकारी गराएको र आगामी

दिनमा दार्जीलिङ पहाडमा धेरै सडकहरू निर्माण हुने बताउनु भयो। श्री रोयले पहाडवासीको सुविधालाई मध्यनजर गर्दै सडक निर्माण कार्यहरूलाई पनि तिव्रता दिने बताउनु भएको छ।

****** ० ******

**प्रेमसिह तामाङ**

सिक्किमका मुख्यमन्त्री प्रेमसिह तामाङको मुख्य सक्रियता तथा सिक्किम सरकारको सहयोगमा दुबैवटा मृगौला काम नलाग्ने भएका दार्जिलिङ जिल्लाको सुदुरवर्ती रिम्बिक लोधोमा समष्टि अधिनस्त झेपी ग्रामको कांकेबुङ निवासी श्याम लिम्बुको छोरा अश्विन लिम्बुको किडनी प्रत्यारोपण राष्ट्रिय राजधानी दिल्लीमा सफलतापुर्वक सप्पन्न भए रोगीले नयाँ जीवन पाएका छन। दिल्लीस्थित पुस्पावती सिघानिया रिसर्च ईन्स्टिच्युट (Pushpawati Singhania hospital research Institute) अस्पतालमा हालै उनको सफलतापुर्वक मिर्गौला प्रत्यारोपण भएको परिवार सुत्रले जनाएको छ भने रोगीको हालत अहिले निरन्तर रूपमा सुधार हुँदै गरेको तथा उनलाई चाडै अस्पतालले छुट्टी दिनसक्ने समेत परिवारले जनाएको छ। यसका साथै रोगी लिम्बुलागि स्वम दिदीले एउटा किड्नी प्रदान गरेको तथा दिदीको स्वस्थ पुर्ण रूपमा सुधार भईसकेको थाहा लागेको छ।

स्मरण रहोस् विगत केहि महिना अघि अस्विनको दुईवटै किड्नी काम नलाग्ने भएको चिकित्सकहरुले खुट्याएपछि परिवारसगै क्षेत्रवासी ठुलो चिन्तामा परेका थिए भने साधरण लिम्बु परिवारलाई रोगीको निम्ति लाग्ने मोटो रकम खर्च गर्ने सामर्थ्य नभएपछि उक्त खबरलाई सामाजिक संजाल मार्फत प्रसारण गरेका थिए। उक्त खबरलाई नै हेरी सिक्किमका मुख्यमन्त्री प्रेमसिह तामाङले बिमारीलाई सहयोग गर्ने प्रतिबद्धता जनाउदै परिवारलाई भेटी उनको उपचारमा लाग्ने सम्पुर्ण खर्च बिहोर्ने तथा उनको उपचार राष्ट्रिय राजधानी दिल्लीमा गर्ने घोषणा गरेपछि पीडित लिम्बूको परिवारले ठुलो छहारी पाएका थिए।

****** ० ******

**दार्जिलिङ- भाजपा**

भारतीय जनता पार्टी दार्जिलिङ जिल्ला समितिले सदर दुई अनि फुपछिरिङ पानदम क्षेत्रका दुई जना मण्डल अध्यक्ष चयन गरेको छ। सभामा जिल्ला अध्यक्ष कल्याण देवान लगायत पार्टी प्रतिनिधिवर्ग अनि अन्यको उपस्थिती रहेको थियो । दुवै मण्डल अध्यक्ष अनुप राई र राजिव राईलाई सबै बुथका अध्यक्षहरु साथै सदस्यहरूको पुर्ण सहमतिमा चुनावी प्रक्रियामा मार्फत चयन गरिएको जिल्ला महासचिव राजु राईले जानकारी गराउनु भएको छ। यसरी नै कालेबुङ जिल्लाका विभिन्न स्थानमा पनि मण्डल अध्यक्ष चयन प्रक्रिया सम्पन्न गरियो। कालेबुङ निम , पोखरेबुगं फापरखेती क्षेत्रका पनि मण्डल अध्यक्ष चयन गरियो। मण्डल अध्यक्षको रूपमा दुर्गा बहादुर छेत्रीलाई सबै बुथका अध्यक्षहरु साथै सदस्यहरूको पुर्ण सहमतिमा चुनावी प्रक्रियामा मार्फत चयन गरियो । यस सांगठनिक कार्यक्रम देशभरी नै चलिरहेको साथै अब चुनाव भएको मण्डलको कार्यकाल ३ वर्षसम्म रहने साथै यसै अवधिभित्र गोर्खा जातिको थातिमा रहेको माग पनि पुरा हुने कुरामा आफूहरुलाई विश्वास रहेको जिल्ला महासचिव राजु राईले बताउनु भएको छ।

****** ० ******

**खरसाङ नगरपालिका**

खरसाङ नगरपालिकाको वार्ड नम्बर 19 मा रहेको क्याम्प साइड ग्राम कल्याण समितिको नवनिर्मित सार्वजनिक भवनको आज गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाको बाहुलीबाट उद्घाटन गरियो। समितिका सभापति मणिकुमार गिरीको सभापतित्वमा सम्पन्न समारोह पूर्व पार्षद देवकी प्रधानले सञ्चालन गर्नुभयो । समारोहलाई सम्बोधन गर्नुहुदै कार्यपाल अनित थापाले पहाडमा कामभन्दा धेर दोष दिने नेताहरू रहेको जनाउँदै अब दोष दिने संस्कृतिलाई रोक्नुपर्ने बताउनु भयो। यसका साथै उहाँले दोष दिएर कसैको पनि भलाइ नहुने बताउँदै कसैको व्यवहारलाई हेरेर होइन तर विकासलाई हेरेर जनताले भोट दिने जनाउनु भयो। यसै अवसरमा समाजको तर्फबाट श्री थापालाई सम्बर्द्धना जनाइयो। समारोहमा अन्य विशिष्ट अतिथिको रूपमा सभासद श्याम शेर्पा, खरसाङ नगरपालिका अध्यक्ष ब्रिगेन गुरूङ,भागोप्रमो संगठनिक सचिव लाक्पा दोर्जे तामाङ लगायत अन्यहरू उपस्थित थिए।

****** ० ******

**रवींद्र भारती**

कोलकाताको प्रतिष्ठित रवींद्र भारती विश्वविद्यालयमा अशांतिको माहौल जारी रहेको छ। जोरासांको परिसरमा आज पनि विद्यार्थीको प्रदर्शन जारी रह्यो। आन्दोलनरत विद्यार्थीले विश्वविद्यालयका उपकुलपति शुभ्रकमल मुखर्जीको राजीनामा माग गर्दै विश्वविद्यालयको गेटअगाडि सडक अवरुद्ध पारेका छन्। स्थितिलाई नियन्त्रणमा लिन गिरीश पार्क पुलिस स्टेशनको भारी तैनाती गरिएको छ।
उच्च न्यायालयले अस्थायी उपकुलपतिलाई पुलिसले सुरक्षा प्रदान गर्न र आवश्यक परेमा परिसरबाट बाहिर निकाल्न आदेश दिएको छ। न्यायमूर्ति जय सेनगुप्ताले यस संबंधमा एक आदेश जारी गरेको छ। अदालतले यो पनि भनेको छ कि राज्य सरकारले पुलिसले के कदम चालेको छ भन्ने बारेमा रिपोर्ट पेश गर्नु पर्नेछ।

****** ० ******

**स्कूल भर्ती घोटाले**

पश्चिम बङ्गालमा स्कूल भर्ती घोटालाको अनुसन्धान गरिरहेको सीबीआईले अभियुक्तहरूको हस्तलिपिको नमूना सङ्कलन गरेको छ। अनुसन्धानमा संलग्न अभियुक्तको संलग्नता पुष्टि गर्न जफत गरिएको डायरीमा रेकर्ड गरिएको लेनदेन विवरणसँग मेल खाने गरी अनुसन्धान एजेन्सीले यी नमूनाहरू लिएको हो।
स्रोतका अनुसार सीबीआईले यस मामिलामा कथित दलाल अरुण हाजरा र उनका ६ एजेन्टहरूको हस्तलिपि नमूना लिएको छ। यी नमूनाहरूलाई अनुसन्धान एजेन्सीले बरामद गरेका डायरीहरूमा रेकर्ड गरिएको हस्तलेखनसँग तुलना गरिनेछ। यी डायरीहरूमा भर्ती घोटालासँग सम्बन्धित पैसा लेनदेनको पूर्ण विवरण भएको दाबी गरिएको छ।

****** ० ******

**गोक**

दार्जिलिङ पुलबजार खण्डको गोक एक ग्राम पन्चायतको लोवर गोकमा निजी पुस्तकालय उत्घाटन गरियो। स्थानीय एल एम डाँडा स्थित स्व: मनमाया सुब्बाको स्मृतिमा उनकै कान्छी सुपुत्री कवयित्री शारदा स्टेफी सुब्बा राई अनि उनको धर्मपति सुजिन ब्रुनो राईको पहलमा उक्त ग्रामीण निजी पुस्तकालयको शुरु गरिएको हो। कार्यक्रममा गोक क्षेत्रका वयोवृद्ध समाजसेवी धन प्रशाद राईलाई पुस्तकालय परिवारको पक्षबाट सम्वर्द्धना पत्रले सम्मान जनाइयो भने अन्य स्थानीय वयोवृद्धाहरूलाई दोसल्ला ओड़ाएर सम्मान गरियो। कार्यक्रममा कवि राममणि जोशीले आमा शीर्षक कविता पठन गरे भने क्षेत्रका मानिसहरू लगायत विद्यार्थीवर्गलाई ठूलो टेवा पुगोस् भन्ने उद्देश्यले पुस्तकालय स्थापना गरिएको र आँउदो दिनहरूमा राम्रा राम्रा पुस्तकहरू पुस्तकालयमा उपलब्ध गराइने संस्थापिका शारदा स्टेफीले बताउनु भयो।

****** ० ******

**रंगलि**

रंगलि रंगलियट पञ्चायत समिति अधिनस्थ सबै पञ्चायत क्षेत्रमा रहेका दोकानहरू, कार्यालयहरू, विद्यालयहरू,रेष्टुरेण्ट, होटेल, होमस्टे,अस्पताल, डिस्पेन्सिरी तथा अन्य सबैतिरका साइनबोर्ड, होर्डिङ आदितिर अन्य भाषासँगै नेपाली भाषालाई शीर्ष स्थानमा राखेर लेखिनुपर्ने रंगलि रंगलियट पञ्चायत समिति अधिकारीको कार्यालयबाट निर्देशन आएको छ।

****** ० ******

**आगो**

खरसाङको डाउहिलस्थित टिभी सेनिरिटोरियम नजिक जंगलमा आज दिउँसो आगो लागेको छ। उक्त आगलागीको घटनाको सूचना पाएर खरसाङ अग्निशमन विभागबाट दमकलको गाडी घटनास्थलमा पुगेर आगो निभाउने कार्य गर्दै आगोलाई फैलिनबाट रोकेको जानकारी प्राप्त भएको छ।

****** ० ******

**टिस्टा पुजा**

४ अक्टोबर २०२३ मा टिस्टामा आएको विनाशकारी प्रकोप पुनः नदोहोरियोस् भन्ने कामनासहित तीन दिवसीय शान्ति पूजा आयोजना गरेको छ। मङ्गलबारदेखि शुरु भएको पूजा बिहीबारसम्म चल्नेछ। जानकारी अनुसार यस क्षेत्रका वयोवृद्धहरूले परम्परागत रूपमा गर्दै आएको पूजा केही समयदेखि बन्द गरिएको थियो। स्थानीय जनविश्वास अनुसार, पूजा रोकिएपछि प्राकृतिक प्रकोप आएको मानिएको छ। यही कारण टिस्टाका विभिन्न संस्थाहरू मिलेर पुनः पूजाको आयोजना गरेको थाहा लागेको छ।

****** ० ******

**नेपाल- जलवायु परिवर्तन**

नेपाल सरकारले 'जलवायु परिवर्तन, पर्वत र मानवताको भविष्य' विषयमा पहिलो सगरमाथा संवाद आयोजना गर्ने भएको छ I यो बैठक आगामी १५ मईदेखि १८ मई २०२५ सम्म काठमाडौंमा आयोजना हुने भएको छ। सगरमाथा संवाद एक प्रमुख द्विवार्षिक संवाद कार्यक्रम हो जसको माध्यमबाट नेपालले विश्वव्यापी स्तरमा हिमालहरूको लागि आफ्नो आवाज उठाउने योजना बनाएको छ। यसले राज्य सरकार प्रमुखहरू, सांसदहरू, नीति निर्माताहरू, निजी क्षेत्र, थिंक ट्याङ्कहरू, शिक्षाविद्हरू, महिला, युवाहरू र विश्वव्यापी नेताहरूलाई एकसाथ ल्याउने अपेक्षा गरिएको छ, जसले प्रमुख विश्वव्यापी मुद्दाहरूमा सहकार्य गर्ने, विचारहरू आदानप्रदान गर्ने र अनुभवहरू साझा गर्ने तरिकाहरू छलफल गर्नेछ।

****** ० ******

**माझीको मृत्यु**

माछा मार्ने क्रममा जलाशयमा डुबेर एक जना माझीको मृत्यु भएको छ। घटना सिलिगुडी महकमाको फांसीदेवाको हो। मृत्यु हुनेमा प्रसेनजित सरकार रहेको पुलिसले जनाएको छ। फांसीदेवा पुलिसले आज मृतकको शव बरामद गरी पोष्टमार्टमका लागि नर्थ बङ्गाल मेडिकल कलेज र अस्पतालमा पठाएको छ। पारिवारिक स्रोतका अनुसार प्रसेनजित आफ्ना दुई साथीसहित हिजो राति माछा मार्न नहरले घेरिएको बोनिकजोत जलाशयमा गएका थिए।

****** ० ******

**दार्जीलिङ वेलफेयर सोसाइटी**

दार्जीलिङ वेलफेयर सोसाइटीले पहाडका प्रतिभाशाली खेलाडीहरूलाई कसरी सरकारी सुविधाहरू उपलब्ध गराउन सकिन्छ भन्ने विषयमा एक बैठक आयोजना गर्यो। बैठकमा केन्द्र, राज्य  तथा जीटीए-का सम्बन्धित प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। चूँकि खेलकूद विभाग राज्य सरकारको अधीनमा पर्ने भएकाले, बैठकमा जीटीए-ले राज्य सरकारलाई र राज्य सरकारले केन्द्र सरकारलाई आवश्यक प्रस्ताव पठाउनुनपर्ने विषयमा छलफल भयो।

****** ० ******

**द बी टीम**

नेपाली नयाँ बर्ष २०८२ लाई स्वागत गर्न बिजनबारीमा भव्य कार्यक्रमको आयोजना हुने भएको छ। स्थानीय युवाहरूद्वारा गठित सामाजिक समुह "द बी टीम"को आयोजनामा उक्त कार्यक्रम गरिने आयोजक समितिले जनाएको छ भने कार्यक्रम  दुई दिनव्यापी रहने समेत बताइएको छ। यसका साथै कार्यक्रममा विविध सास्कृतिक झलकहरु सगै उदेश्यमुलक प्रस्तुतिहरु समेत रहने थाहा लागेको छ। उक्त जानकारी आयोजक समितिले जनाएको छ। हाम्रो मुख्य उदेश्य लोपोन्मुख हुन लागेको भाषा सस्कार सस्कृतीलाई युवा बर्गमा पुर्याउदै  विद्यार्थीहरुलाई मातृभाषाको महत्त्व दर्साउदै भाषाको जगेडा गर्नु हो आयोजक समिति महासचिव चेतनमणी राईले बताए। यसका साथै नेपाल सम्बतको व्यवहार हाम्रो समाजमा कम भएको भए पनि यसको महत्त्व भने कम नभएको भए पनि युवा वर्गमा यसबारेमा जागरुक बनाउन उत्तिकै महत्त्वपूर्ण भएको महसुस गर्दै आफुहरुको कार्यक्रम गर्न कम्बर कसेको उनले बताए। अर्कोतिर कार्यक्रम आगामी १३ अप्रेलको साझबाट शुरु गरिने तथा १४ अप्रेलमा विभिन्न जातिय सास्कृतिक झाकीहरुको साथमा बृहत् शोभायात्रा गरिने आयोजक समितिका सभापति बिज्ञान  राईले बताए।

****** ० ******

**नेपाल-स्कूल शिलान्यास**

भारत सरकारको आर्थिक सहयोगमा नेपालको दैलेखमा निर्माण हुने श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बहुउद्देश्यीय भवनको हिज  शिलान्यास गरिएको छ। कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारी, काठमाडौंस्थित भारतीय दूतावासका काउन्सिलर अविनाश कुमार सिंह र दुल्लु नगरपालिकाका मेयर भरत प्रसाद रिजालले संयुक्त रूपमा शिलान्यास गरे। कार्यक्रममा राजनीतिक प्रतिनिधिहरू, सरकारी अधिकारीहरू, सामाजिक कार्यकर्ताहरू, विद्यालयका

शिक्षकहरू, विद्यार्थीहरू र उनीहरूका अभिभावकहरूको उपस्थिति थियो। नेपाल-भारत विकास सहकार्य अन्तर्गत ३ करोड ९० लाख नेपाली रुपियाँको लागतमा श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बहुउद्देश्यीय चार तल्ले भवन निर्माण हुँदैछ।

****** ० ******

**आगो**

खरसाङको डाउहिलस्थित टिबी सेनिरिटोरियम नजिक जंगलमा आज दिउँसो आगो लागेको छ। उक्त आगलागीको घटनाको सूचना पाएर खरसाङ अग्निशमन विभागबाट दमकलको गाडी घटनास्थलमा पुगेर आगो निभाउने कार्य गर्दै आगोलाई फैलिनबाट रोकेको जानकारी प्राप्त भएको छ।

****** ० ******